सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायधीश श्री अनिल कुमार सिन्हा
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल
फैसला

०७५-CR-२६३८

मुद्दाः अपहरण तथा शरीर वन्धक र जवरजस्ती करणी।

| | |
|---|---|
| विजुली यादवको छोरा जिल्ला सप्तरी विस्नु गाँउपालिका वडा नं. १ स्थायी घर भएको सन्तोष कुमार यादव ------------------------------------१ | पुनरावेदक प्रतिवादी |

विरुद्ध

| | |
|---|---|
| परिवर्तित नाम संगिताको जाहेरीले नेपाल सरकार--------------------१ | प्रत्यर्थी वादी |

सुरु तहमा फैसला गर्नेः- श्री उदयपुर जिल्ला अदालत
फैसला गर्ने न्यायाधीशः- माननीय जिल्ला न्यायाधीश श्री राजकुमार कोइराला
फैसला भएको मितिः- २०७४। ०५। ११

पुनरावेदन तहमा फैसला गर्नेः- माननीय न्यायाधीश श्री विदुर विक्रम थापा
माननीय न्यायाधीश श्री शालिग्राम कोईराला
फैसला गर्ने अदालतः श्री उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगा
फैसला भएको मितिः २०७५। ०८। १९

उच्च अदालत विराटनगर, अस्थाई इजलास ओखलढुङ्गाको मिति २०७५। ०८। १९ को फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को उपदफा (१) अन्तर्गत यस अदालतमा वादी नेपाल सरकारको पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

## तथ्य खण्ड

१. **मिति २०७२। ११। ११ को जाहेरी दरखास्तः** प्रतिवादी सन्तोष कुमार यादव छिमेकी बिन्दा साहको घरमा आउने जाने गर्दा मेरो घरमा कोही नभएको अवस्थामा मेरी छोरी वर्ष १५ की परिवर्तित नाम त्रियुगा खोला भेट्न आई स्मार्ट फोन (मोबाईल) हातमा दिई विभिन्न प्रलोभन देखाई घरबाट बाहिर लाने प्रयास गर्दै गरेको रहेछ, सोही क्रममा मिति २०७२। ११। ८ गते अन्दाजी १३.०० बजेको समयमा घरमा कोही नभएको मौका छोपी सन्तोष कुमार यादव आई छोरीको बिना मन्जुरी भारतमा लगी बिक्री गर्ने, जर्वजस्ती करणी गर्ने, ईच्छा बिरुद्ध काममा लगाउने उद्देश्यले बिभिन्न प्रलोभन देखाउँदा छोरीले ईन्कार गर्दा डर त्रास देखाई, धाक धम्की दिई निज प्रतिवादीले परिवर्तित नाम त्रियुगा खोलालाई अपहरण गरी एकान्त स्थानमा राखी बेलुकी अन्दाजी ८.०० बजे जिल्ला उदयपुर, त्रियुगा नगरपालिका वडा नं.३ स्थित मोहरबक्स अलिको घरमा लगी बन्धक बनाई जवर्जस्ती करणी गरी भोलि पल्ट मिति २०७२। ११। ९ गते बिहान त्यहाँबाट निकाली अन्यत्र भारत लाने योजना बनाई अपरिचित व्यक्तिको सहयोगमा परिवर्तित नाम त्रियुगा खोलालाई गाइघाट कटारी जाने बसमा चढाई प्रतिवादीहरु कलिम मियाँ र सन्तोष कुमार यादव मोटर साइकलमा चढी पिछा गरी लाहान आइपुग्दा परिवर्तित नाम त्रियुगा खोलालाई खोज तलासको क्रममा महेश चौधरीले बसमा त्रियुगा खोलालाई देखी घरमा ल्याएपछि सोधपुछ गर्दा घटना बारे जानकारी गराएका हुन। प्रतिवादी कलिम मियाँको सहयोगमा प्रतिवादी सन्तोष कुमार यादवले परिवर्तित नाम त्रियुगा खोलालाई ललाई फकाई डर त्रास देखाई अपहरण गरी लगी बन्धक बनाई जवर्जस्ती करणीसमेत गरेको हुँदा प्रतिवादीहरुलाई कानूनबमोजिम कारवाही गरी पाँउ भन्ने व्यहोराको परिवर्तित नाम संगिताको जाहेरी दरखास्त।

२. **मिति २०७२। ११। १२ गतेको पीडित परिवर्तित नाम त्रियुगा खोलाको शारीरिक जाँच परीक्षण प्रतिवेदनः** Hymen ruptured in 2 o' clock position, 3, 9, 11 o' clock position भन्ने पीडित त्रियुगा खोलाको शारीरिक जाँच रिपोर्ट।

३. **मिति २०७२। ११। १५ गतेको घटनास्थल मुचुल्काः** जिल्ला उदयपुर, त्रियुगा नगरपालिका वडा नं.३ स्थित पुर्वमा गाईघाट कदमाहा सडक, पश्चिममा समिम रायनको घर, उत्तरमा मुतृर्जा अलिको घर, दक्षिणमा बैजु साहको घर यति चार किल्लाभित्र रहेको पुर्व मोहडा भएको पाँच वटा कोठाहरु भएको १ तले पक्की मोहरबक्स अलीको घर, सो घरको उत्तर पट्टिको दक्षिण साईडको पहिलो कोठाभित्र पूर्व, पश्चिम भएको खाट रहेको उक्त कोठामा प्रतिवादी सन्तोष कुमार यादवले पीडित परिवर्तित नाम त्रियुगा खोलालाई थुनी खाटमा लडाई धाक धम्की दिई जवर्जस्ती करणी गरेको भनी पीडितले हेराई

देखाएको, अपहरण गरेको भनी बताएको स्थानबाट उक्त घटनास्थलको दुरी अन्दाजी सात सय मिटर पश्चिम रहेको भन्ने घटनास्थल मुचुल्का।

४. <u>मिति २०७२। ११। १६ गतेको पीडित परिवर्तित नाम त्रियुगा खोलाले अनुसन्धान अधिकृत प्रहरी निरीक्षक राम कुमार यादवसमक्ष गरेको घटना विवरण कागजः</u> छिमेकीको घरमा कहिले काँही आउने जाने गरेका सामान्य चिनजान भएका प्रतिवादी सन्तोष कुमार यादवले ९८६२९३४७०० नं.को मोबाइलबाट फोन गरी मसँग विवाह गर म तिमीलाई राम्रो खान लाउन दिन्छु भनी फोन गर्नु हुन्थ्यो। मिति २०७२। ११। ८ गते अन्दाजी १३.०० बजेको समयमा बुबा,आमा,बहिनी काम बिशेषले घर बाहिर जानु भएकोले म घरमा एक्लै थिएँ, प्रतिबादी सन्तोष कुमार यादव आई तिमी म संग हिड भारत पट्ना घुमाउन लान्छु, भारतमा लगी विवाह गर्छु भनी मलाई ललाई फकाई गर्दा मैले इन्कार गर्दा निज प्रतिवादीले निजसंग नगए ज्यान मार्ने धाक धम्की दिई बाध्य बनाई जिल्ला उदयपुर, त्रियुगा नगरपालिका वडा नं.३ स्थित मोहरबक्सको घरमा पुर्‍याई सो रात सोही घर कोठामा मलाई सुताई जोरजुलुमका साथ निजले मलाई जरजस्ती करणी गरी भोली पल्ट बिहान कलिम मियाँ र सन्तोष कुमार यादवले बसपार्क पुऱ्याई लाहान जाने गाडीमा मलाई चढाई निजहरु मोटर साइकलमा पछिपछि लाहान आई पुग्दा महेश चौधरीले सोही दिन बिहान ०६.०० बजेको समयमा फेला पारी मलाई उद्धार गर्नु भएको हो। निजहरु आउँदै थिए मलाई आफन्तले भेटेपछि निजहरु भागी गएका हुन, मलाई आफन्तले फेला नपारेको भए निजहरुले अपहरण गरी भारत विदेश पुऱ्याई बेचबिखन गर्न सक्थे, प्रतिवादीहरु उपर कानूनबमोजिम हदैसम्मको कारवाही होस् भन्ने परिवर्तित नाम त्रियुगा खोलाको घटना बिवरण कागज।

५. <u>मिति २०७३। ०१। ३१ गते अनुसन्धान अधिकृत प्रहरी निरीक्षक राम कुमार यादवसमक्ष महेश कुमार चौधरीले गरेको घटना विवरण कागजः</u> मिति २०७२। ११। ०८ गते बेलुकी जाहेरवालीले मेरी छोरी हराइन भनी टेलिफोनबाट जानकारी गराएकोले परिवर्तित नाम त्रियुगा खोलालाई लाहानस्थित होटलसमेतमा खोज तलास गर्दा फेला नपरेपछि भोलि पल्ट मिति २०७२। ११। ०९ गते बिहान गाईघाटबाट आउने गाडीहरुमा खोज तलास गर्दा नर्सिङ्ग लेखिएको बसमा फेला पारी निजलाई घरमा ल्याई सोधपुछ गर्दा प्रतिवादी सन्तोष कुमार यादवसमेतले पीडितलाई अपहरण गरी वन्धक बनाई जवर्जस्ती करणीसमेत गरेको भन्ने थाहा पाएको हुँ। निज प्रतिवादीहरुलाई कानूनबमोजिम कारवाही होस् भन्ने व्यहोराको महेश कुमार चौधरीको घटना बिवरण कागज।

६. **मिति २०७३। ०९। ०४ गतेको वस्तुस्थिति मुचुल्का:** मिति २०७२। ११। ०८ गते अन्दाजी १३:०० बजेको समयमा पीडित परिवर्तित नाम त्रियुगा खोला घरमा एक्लै भएको मौका छोपी प्रतिवादी सन्तोष कुमार यादवले पीडितलाई ललाई फकाई डर त्रास देखाई अपहरण गरी कलिम मियाँको सहयोगमा मोहरवक्स अलिको घरमा बन्धक बनाई राखी सोही घर कोठामा प्रतिवादी सन्तोष कुमार यादवले परिवर्तित नाम त्रियुगा खोलालाई थुनी विभिन्न डर त्रास देखाई पीडितको इच्छा विपरीत जवर्जस्ती करणी गरी भोलि पल्ट प्रतिवादीहरूले पीडितलाई बसमा चढाई गाईघाटबाट लाहान तर्फ लाँदै गर्दा पीडितको अभिभावकले फेला पारी उद्दार गरेको भन्ने सुनी थाहा पाएका हौं। प्रतिवादीहरू उपर कानूनबमोजिम कारवाही होस् भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्का।

७. **मिति २०७३। १०। १३ गतेको अनुसन्धान अधिकृत प्रहरी निरीक्षक टेकेन्द्र शर्मा पौडेल समक्ष मोहरवक्स अलीले गरेको घटना विवरण कागज:** मिति २०७२। ११। ८ गते बेलुका अं.१९.३० बजेको समयमा परिवर्तित नाम त्रियुगा खोलालाई मेरो घरको बरण्डामा एक्लै वरपर गर्दै गरेको देखी निजलाई सोधिखोजी गर्दा म गाईघाटमा पढ्छु, दाजु खोज्दै आएकी हुँ भनी बताएकी हुन्, मैले तिमिलाई चिन्दिन जाउ भन्दा निज मेरो घर अगाडि सडकमा निस्कीएको देखेको हुँ, म खाना खाई आफ्नो कोठामा सुतेको हुँ, परिवर्तित नाम त्रियुगा खोला राती के कता गए मलाई थाहा भएन। परिवर्तित नाम त्रियुगा खोलालाई प्रतिवादीहरुले बन्धक बनाई जवर्जस्ती करणी गरेको भन्ने मलाई थाहा भएन भन्ने मो.मोहरबक्स अलीको घटना बिवरण कागज।

८. **मिति २०७३। ११। ८ गते उदयपुर जिल्ला अदालतमा दायर भएको अभियोग पत्र:** प्रतिवादीहरु सन्तोष कुमार यादव र कलीम मियाँसमेतको आपसी योजना एवं संलग्नतामा निजहरुले जाहेरवालाको नाबालक छोरी बर्ष १५ की परिवर्तित नाम त्रियुगा खोलालाई अपहरण गरी लगी बन्धकसमेत बनाएको सप्रमाण पुष्टि हुन आएको र प्रतिवादीहरुको उक्त कार्य मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीत सोही ऐन महलको ३ नं. बमोजिमको कसूर जन्य कार्य भएको हुँदा प्रतिवादीहरुलाई उक्त कसूरमा सोही ऐन, महलको ३ नं. बमोजिम सजाय गरी सोही ऐन महलको ७ र ९ नं. बमोजिम थप सजायसमेत गरी सोही ऐन महलको १२ नं. बमोजिम क्षतिपूर्ति भराई पाउँ। साथै प्रतिवादी मध्येका कलीम मियाँको मद्दतमा अर्का प्रतिवादी सन्तोष कुमार यादवले बर्ष १५ की पीडितलाई जवर्जस्ती करणी गरेको भन्ने देखिएकोले प्रतिवादी मध्येका सन्तोष कुमार यादवलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. एवं ३ (३) नं. को कसूरमा सोही ऐन महलको ३ (३) नं. बमोजिम सजाय हुन र सोही ऐन महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडितलाई क्षतीपूर्ती भराई पाउन र

अर्का प्रतिवादी कलीम मियाँलाई मुलुकी ऐन,जवर्जस्ती करणीको महलको ४ नं. को कसूरमा सोही महलको ४ नं. बमोजिम सजाय गरी पाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग माग दावी सहितको शुरु अदालतमा दायर गरेको अभियोगपत्र।

९. <u>मिति २०७४। ०३। २१ गते प्रतिवादी सन्तोष कुमार यादवले माननीय जिल्ला न्यायाधीश श्री राजकुमार कोइरालाको इजलास समक्ष गरेको बयानः</u> दरखास्त झुठा हो। जाहेरी दरखास्तमा भने बमोजिम पीडितलाई मैले अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणी गरेको छैन। मेरो र पीडितबीच एक वर्षदेखि प्रेम सम्बन्ध थियो। म र पीडितका बिच जात नमिल्ने हुँदा हाम्रो प्रेममा पीडितको अभिभावकको मञ्जुरी नभएको हुँदा रिसिवीको कारण उक्त जाहेरी दरखास्त दिएका हुन्। मैले पीडितलाई अपहरण गरी शरीर बन्धक बनाई जवर्जस्ती करणी गरेको होइन। विवाह गरी लगेको मात्र हो। मलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन। हाल हामी विवाह गरी सँगै बसेका छौ भनी प्रतिवादी सन्तोष कुमार यादवले शुरु उदयपुर जिल्ला अदालतमा गरेको बयान।

१०. <u>मिति २०७४। ०५। ०६ गते प्रतिवादी सन्तोष कुमार यादवको साक्षी दयाराम यादवले उदयपुर जिल्ला अदालतमा गरेको बकपत्रः</u> जाहेरी झुठो हो, प्रतिवादी सन्तोष कुमार यादवले अपहरण गरी बन्धक बनाई जवर्जस्ती करणी समेत गरेका होइनन् भनी प्रतिवादीको साक्षी दयाराम यादवले उदयपुर जिल्ला अदालतमा गरेको बकपत्र।

११. <u>मिति २०७४। ०५। ०६ गते पीडित परिवर्तित नाम त्रियुगा खोलाले गरेको बकपत्रः</u> हामी दुई बीच १ (एक) वर्ष अगाडि (घटना हुनुभन्दा) देखिनै प्रेम सम्बन्ध थियो। सोही प्रेम सम्बन्धको कारणले गर्दा हामी दुवै भागी गई सिराहा जिल्ला अदालतमा (नाता सम्बन्ध कायम राखी) विवाह गरेका हौं। मलाई अपहरण गरी शरीर बन्धक राखी जवर्जस्ती करणी गरेको होइन भनी पीडित परिवर्तित नाम त्रियुगा खोलाले शुरु उदयपुर जिल्ला अदालतमा गरेको बकपत्र ।

१२. <u>जाहेरवाली परिवर्तित नाम संगिताले उदयपुर जिल्ला अदालतमा गरेको बकपत्रः</u> म र श्रीमान घरमा नभएको अवस्थामा निज प्रतिवादीले हामीलाई थाहा जानकारी नदिईकन मेरो छोरी परिवर्तित नाम त्रियुगा खोलालाई भगाई लगेको रिसले गर्दा उक्त जाहेरी दिएको हो भनी जाहेरवाली परिवर्तित नाम संगिताले उदयपुर जिल्ला अदालतमा गरेको बकपत्र।

१३. <u>मिति २०७४। ०५। ०७ गते वस्तुस्थिति मुचुल्कामा बस्ने जानुका रासकोटी ठकुरीले गरेको बकपत्रः</u> पीडितलाई अपहरण गरेर लगेको भन्ने कुरा सुनेर थाहा पाएको

हुँ। पछि प्राप्त जानकारी अनुसार पीडितले प्रतिवादी सन्तोष कुमार यादवसँग विवाह गरेर गएको रहेछ। मिति २०७३। ९। ४ गते प्रहरीमा गरेको बस्तुस्थिति मुचुल्काको व्यहोरा मेरो होइन। सही छाप चाँही गरेको हो भनी वस्तुस्थिति मुचुल्कामा बस्ने जानुका रासकोटी ठकुरीले शुरु उदयपुर जिल्ला अदालतमा गरेको बकपत्र।

१४. <u>मिति २०७४। ५। ११ मा भएको उदयपुर जिल्ला अदालतको फैसलाः</u> प्रतिवादी कलिम मियाँको हकमा मुलुकी ऐन, अ.बं.१९० नं. अनुसार मुलतवीमा राखी दिने ठहर्छ। प्रतिवादी सन्तोष कुमार यादवलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीत सोही ऐन, महलको ३ नं. बमोजिमको कसूरमा सोही ऐन महलको ३ नं.बमोजिम सजाय गरी सोही ऐन महलको ७ र ९ नं. बमोजिम थप सजायसमेत गरी सोही ऐन महलको १२ नं. बमोजिम क्षतिपूर्तिको व्यवस्था हुन तथा मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. एवं ३ (३) नं. को कसूरमा सोही ऐन महलको ३(३) नं. बमोजिम सजाय हुन र सोही ऐन महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई पाँउ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले प्रतिवादी सन्तोष कुमार यादवले अभियोग माग दावीबाट सफाई पाउने समेत ठहर्छ भन्ने शुरु उदयपुर जिल्ला अदालतको मिति २०७४। ५। ११ मा भएको फैसला।

१५. <u>मिति २०७५।१। २६ गते उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगामा नेपाल सरकारले दायर गरेको पुनरावेदनको व्यहोराः</u> परिवर्तित नाम त्रियुगा खोला वर्ष १५ की नाबालिकालाई निजको अभिभावकको मञ्जुरी बेगर लगेको र बन्धक बनाई राखेको तथ्यलाई मिसिल संलग्न रहेको पीडितको जन्म दर्ता प्रमाणपत्र र निवहरुबीच भएको नाता कायम मुद्दाको मिलापत्र (जसमा पीडितको उमेर २० वर्ष कायम गरी मिलापत्र गरेको छ) बाट पनि पुष्टी हुन्छ। नाबालकलाई साबालक कायम गरी नालेश गर्न लगाउनु र नाता कायम हुने गरी मिलापत्र गर्नु पनि गैरकानूनी कार्य हो भन्ने व्यहोरा प्रष्ट छ। यसरी पीडितलाई निजको अभिभावकको मञ्जुरी वेगर ल्याएर आफ्नो अधिनमा राखेको तथ्य मिसिल संलग्न रहेको मिलापत्रको प्रतिलिपिबाट देखिन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा फरार रही अदालतमा अभियोग माग दावीमा इन्कार रहनु र आफ्नो गफमेलका व्यक्तिहरुबाट आफ्नो बयान अनुकूल बकपत्र गराउँदैमा कसूरदार होइनन् भनी सफाई दिन मिल्दैन। एउटी नाबालिकालाई निजको संरक्षकको अनुमति बिना भगाई कसूर अपराधबाट बच्नकी निमित्त नाता कायम मुद्दा हाल्न लगाई सोमा साबालक देखाउनु र त्यो मुद्दामा नाता कायम गरी मिलापत्र गर्दैमा कसूरदार होइनन् भन्ने मिल्ने होइन। यस्तो परिस्थिति एवं अवस्था देखिंदा देखिंदै पनि प्रतिवादीलाई कसूर अपराधबाट उन्मुक्ति दिएको शुरु उदयपुर जिल्ला अदालतको मिति

२०७४।५।११ को फैसला कानूनी रुपले त्रुटिपूर्ण भएकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी विपक्षी प्रतिवादीलाई अभियोग दावीबमोजिमको कसूर ठहर गरी सजाय गरी पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारले उच्च अदालत विराटनगर, अस्थाई इजलास ओखलढुंगामा दायर गरेको पुनरावेदन पत्र ।

१६. <u>मिति २०७५।५।३१ गते को प्रत्यर्थी झिकाउने आदेशः</u> यसमा प्रमाण मूल्याङ्कनको रोहमा शुरु उदयपुर जिल्ला अदालतको फैसला विचारणीय देखिंदा छलफलको लागि साविक मुलुकी ऐन, अ.बं.२०२ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७५ को दफा १४०(३) बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेश गर्नु भन्ने उच्च अदालत विराटनगर,अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७५। ०५। ३१ मा भएको आदेश।

१७. <u>मिति २०७५।८।१९ को उच्च अदालत विराटनगर, अस्थाई इजलास ओखलढुंगाको फैसलाः</u> प्रतिवादी सन्तोष कुमार यादवले अभियोग माग दावीबाट सफाई पाउने ठहऱ्याएको शुरु उदयपुर जिल्ला अदालतबाट मिति २०७४। ०५। ११ मा भएको फैसला मिलेको नदेखिंदा उक्त फैसला उल्टी भई निज प्रतिवादी सन्तोष कुमार यादवलाई तत्कालीन मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नम्बरले ७ (सात) वर्ष कैद र रू. ५०,०००। – (पचासहजार रुपैयाँ) जरिवाना, ऐ.को ७ नम्बरले २ (दुई) वर्ष थप कैद सजाय हुने र पीडित नाबालक महिला भएको हुँदा ऐ. महलको ९ नम्बरले थप दुई वर्ष कैदको सजाय हुने तथा ऐ.महलको १२ नम्बरले प्रतिवादीबाट पीडितले रु. ५०,०००।– (पचासहजार रुपैयाँ) क्षतिपूर्ति समेत भराई लिन पाउने ठहर्छ। यसका साथै अभियोग माग दावी बमोजिम प्रतिवादीलाई तत्कालीन मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(३) नम्बरले ६(छ) वर्ष कैद सजाय र ऐ. महलको १० नम्बरबमोजिम प्रतिवादीबाट पीडितले रू. ५०,०००।– (पचासहजार रुपैयाँ) क्षतिपूर्तिसमेत भराई लिने पाउने ठहर्छ भन्ने व्यहोराको मिति २०७५।८।१९ मा उच्च अदालत विराटनगर, अस्थाई इजलास ओखलढुगांबाट भएको फैसला।

१८. <u>मिति २०७६।३।१५ गते सर्वोच्च अदालतमा चढाएको पुनरावेदन पत्रः</u> म र पीडितबीच प्रेम सम्वन्ध रहेको र जात नमिलेको कारण प्रेम सम्बन्धलाई छुटाउने मनसायले जवरजस्ती जाहेरी दिएका हुन। सोही आधारमा अनुचित दवाव र प्रभावमा परी पीडितले कागज गरेको हो। सो व्यहोरा मैले अदालतमा आई बयान गर्ने क्रममा प्रष्ट पारेको छु। कुनै पनि स्वतन्त्र र भौतिक सवुत प्रमाणले म उपर लगाईएको अभियोग पुष्टि हुन सकेको छैन। म उपर लगाएको अभियोग दावी शंकारहित र प्रत्यक्ष प्रमाणले पुष्टि गर्ने प्रमाणको भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम विपक्षी वादी नेपाल

सरकारको हो। म निर्दोष रहेको तथ्य सरकारी गवाह जाहेरवाला परिवर्तित नाम संगिता, पीडित परिवर्तित नाम त्रियुगा खोला र वस्तुस्थिति मुचुल्काको मानिस जानुका रासकोटीसमेतले शुरु अदालतमा आई गरेको बकपत्रमा प्रष्ट पारेका छन। निजहरुको उक्त वास्तविक भनाईलाई अन्यथा भन्नु पर्ने अवस्थासमेत छैन। निजहरुले गरेको वास्तविक तथ्यसहीतको बकपत्रलाई प्रमाण ऐन, २०३१ बमोजिम प्रमाणमा लिनुपर्ने स्पष्ट व्यवस्थासमेत रहेको छ। मैले अदालतमा आई बयान गर्ने क्रममा आफू निर्दोष रहेको भनी कसूरमा इन्कार रही बयान गरेकोमा सोलाई पुष्टि हुने गरी मेरो तर्फका साक्षी दयाराम यादवले अदालतमा आई मैले कसूरजन्य कार्य नगरेको, हामीबीच प्रेम विवाह भएको र वुवा आमाले अन्तरजातीय विवाह गऱ्यो भनी फसाउने नियतले झुठ्ठा जाहेरी दिएको हो भन्ने व्यहोराको बकपत्रबाट पुष्टि गरेका छन। मिसिल संलग्न रहेका प्रमाणहरुको विवेचना नै नगरी प्रमाण ऐन, २०३१ को दफा ३, १८, २५ र ५४ समेतको प्रतिकूल र शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सिद्धान्त विपरीत हुने गरी भएको फैसला अन्यायपूर्ण छ। म उदयपुरमा नै कार्यरत रहेको अवस्थामा पीडित भनिएकी त्रियुगा खोलासँग प्रेम सम्बन्ध रहेको तथ्यलाई पीडित स्वयंले सन्तोष कुमार यादवले कहिले काही फोन गर्ने र विवाह गरौ भन्ने गरेको भनी घटना विवरण कागजमा उल्लेख गर्नुले समेत प्रेम सम्बन्ध रहेका कुरा पुष्टि भएको छ। हामीहरु बिच मिति २०७३। ०३। २२ मा सिराहा जिल्ला अदालतबाट नाता सम्वन्ध कायम हुने गरी मिलापत्र भै श्रीमान श्रीमति भई संगै बस्दै आएका छौ। पीडित भनिएकी मेरो श्रीमतिले सिराहा जिल्ला अदालतमा गरेका फिरादमा पनि हामीबीच प्रेमसम्बन्ध रहेको कुरा उल्लेख गरेकी छिन। हामीबाट मिति २०७५। ०९। १४ गतेका दिन छोरी प्राची कुमारी यादवको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा जायजन्म भैसकेको छ। फौजदारी कसूर ठहर हुनको लागि अभियुक्तले कसूर गरेको कुरा ठोस, तथ्य परक र शंकारहित प्रमाणले पुष्टि गर्नु पर्दछ। विरोधाभाष, अस्पष्ट र शंकास्पद प्रमाणहरुको आधारमा कोही कसैलाई दोषी मुकरर गर्न मिल्दैन। प्रस्तुत मुद्दामा मलाई दोषी भएको प्रमाणित गर्ने स्वयंसिद्ध तथ्यहरु छैनन्। अदालतमा गरेको बयान/बकपत्रमा कसूर गरेको भन्ने तथ्य उल्लेख नगरेको र स्वतन्त्र भौतिक सवुत प्रमाणले पनि म कसूरदार रहेको भनी पुष्टि गर्न सकेको छैन। मैले पीडितलाई जवर्जस्ती करणी गरेको छैन। पीडितको शारीरिक जाँच प्रतिवेदनमा कन्याजाली च्यातिएको (Hymen ruptured) भन्ने व्यहोरा उल्लेख छ, सो प्रतिवेदनमा उल्लेख गरेजस्तो जवर्जस्ती करणीको कारणले मात्र त्यस्तो हुन सक्दैन। बस्तुत तराइमा रहने बस्नेले साइकल चलाउने कुरा सामान्य रहेको र साइकल चलाउदा वा अन्य कारणहरुले पनि कन्याजाली च्यातिएको (Hymen ruptured) हुन सक्ने कुरा Medical

Jurisprudence ले समेत स्थापित गरेको छ। सोही आधारहीन र तथ्यहिन चिकित्सकीय प्रतिवेदनलाई नै आधारमानी भएको फैसला त्रुटिपूर्ण रहेको स्पष्ट छ। फौजदारी मुद्दामा ठोस र वस्तुनिष्ट ढंगबाट अभियोग प्रमाणित गर्नुपर्ने भार वादीको रहेको र प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणबाट आफूले लगाएको अभियोग प्रमाणित गर्नुपर्ने कर्तव्य पनि वादीमै रहेको हुन्छ। म विरुद्धको अभियोग झुठा र आधारहिन कथनका आधारमा लगाइएकोमा सो कथन पनि अदालतमा आएर खण्डित भएको छ। विवादास्पद प्रमाण र तथ्यहरुमा निर्भर गरी संदिग्ध र शंकाको अवस्थामा कसूरदार कायम गरी सजाय गर्न नमिल्ने, फौजदारी कसूर अन्तर्गत अभियोग दावी लिदा सो दावीलाई पुष्टि गर्न यथेष्ट प्रमाणको विद्यमानता हुनु पर्ने, स्वतन्त्र प्रमाणले कसूर स्थापित हुनु पर्ने, प्रतिवादीले निर्दोषितता प्रमाणित गर्ने हैन वादीले दोषी हो भन्ने पुष्टि गर्नुपर्ने भन्ने जस्ता फौजदारी कसूरका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजीर सिद्धान्त विपरीत हुनेगरी भएको उच्च अदालत विराटनगर,अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७५। ०८। १९ मा भएको फैसला साविक मुलुकी ऐन,अ.ब. १८५ क र प्रमाण ऐन, २०३१ को दफा ३, १८, २५, ५४ तत्कालीन मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिने महलको १,२,३,७ र ९ र जवर्जस्ती करणीको महलको १ नं. समेतको व्याख्यात्मक त्रुटि रहेको छ। साथै मुलुकी फौजदारी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको कानूनी व्यवस्थासमेतको विपरीत भएकोले त्रुटिपूर्ण फैसला उल्टी गरी शुरु उदयपुर जिल्ला अदालतको फैसला सदर गरी अभियोग दावीबाट पूर्णत सफाई पाउँ भन्ने व्यहोराको पुनरावेदक प्रतिवादी सन्तोष कुमार यादवले यस अदालतमा दायर गरेको पुनरावेदन।

१९. <u>यस अदालतको मिति २०७७।०७।१८ को प्रत्यर्थी झिकाउने आदेशः</u> यसमा पीडितले अदालतमा गरेको बकपत्रमा यी प्रतिवादीसँग एक वर्षदेखि प्रेम सम्बन्ध रहेको र विवाहसमेत भई छोरीको जायजन्म भै श्रीमान श्रीमतिको रूपमा रही बसी आएको भनी लेखाएको देखिन्छ। यसैगरी जाहेरवालीले मेरी छोरीलाई थाहा नदिई लगेकोले अपहरण गऱ्यो भनी जाहेरी दिएको हो, मेरी छोरीले प्रतिवादी सन्तोष कुमार यादवसँग विवाह गरी गएकी रहेछ र हाल निजकै घरमा बसेकी छन् भनी अदालतमा बकपत्र गरेको देखिन्छ। प्रतिवादीले जात नमिल्ने हुँदा पीडितको अभिभावकले रिसईवीको कारणले जाहेरी दिएको भनी अदालतमा आरोपित कसूरमा इन्कारी बयान गरेका छन्। पीडितको उमेरका सम्बन्धमा समेत व्याख्यात्मक स्थिति देखिन्छ। यस अवस्थामा उदयपुर जिल्ला अदालतको फैसला उल्टी गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको मिति २०७५। ०८। १९ को फैसला प्रमाण मूल्यांकनको रोहमा फरक पर्न सक्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि

संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ पुनरावेदन पत्रको प्रतिलिपी र आदेशको प्रतिलिपि सहित पेशीको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको यस अदालतको आदेश।

## ठहर खण्ड

२०. नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको मिसिल संलग्न कागजातको अध्ययन गरियो।

२१. पुनरावेदक प्रतिवादी सन्तोष कुमार यादवको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता शम्भु थापा तथा विद्वान अधिवक्ताद्वय श्री शंकरबहादुर राउत र श्री मुना दाहालले जाहेरवाला परिवर्तित नाम संगीताले मिति २०७२। ११। ०८ गते जिल्ला प्रहरी कार्यालय, उदयपुरमा दिएको जाहेरीका आधारमा लगाइएको अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणीको अभियोगका आधारमा अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणीको वारदात स्थापित हुनसक्ने अवस्था छैन। मिसिल संलग्न तथ्य प्रमाणका आधारमा अभियोगमा लगाइएका कानूनी व्यवस्था आकर्षित हुनसक्ने अवस्था पनि छैन। शुरु जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी सन्तोष कुमार यादवलाई अभियोग माग दावीबमोजिम सजाय गर्ने गरी उच्च अदालत विराटनगर, अस्थाई इजलास ओखलढुंगाबाट भएको फैसलामा न्यायिक मनको प्रयोग भएको छैन। प्रस्तुत मुद्दामा प्रयोग गरिएका कानूनहरुको सम्बन्धमा व्यवहारतः द्वन्दात्मक (Conflicting) अवस्था रहेको छ। अदालतमा मुद्दा गर्नुपूर्व प्रतिवादी बनाइएका सन्तोष कुमार यादवले मानव अपहरण गरिएको भनिएकी जाहेरवाली संगीताको छोरी नाम परिबर्तित त्रियुगा खोलालाई जवर्जस्ती करणीसमेत गर्ने उदेश्यबाट अपहरण गरेका होइनन्। सो व्यहोरा अभियोजन पक्षले बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको छैन। दुवै जना राजीखुसीले विवाहको लागि भागेका हुन भन्ने सन्दर्भमा भागेकी नाम परिबर्तित त्रियुगा खोलाको उमेर १५ बर्ष भएको कारणले गर्दा विवाह गर्ने उमेरसमेत नपुगेको र अर्को तर्फ शारीरिक सम्बन्ध राख्न तत्काल प्रचलित कानून प्रतिकूल हुने कारणले गर्दा वादीले दावी लिएको अपहरण तथा शरीर बन्धक लिनेको महल, जवर्जस्ती करणीको महलको अभियोग वा दावी नलिएको विहावरीको महल आकर्षित हुने हो वा होइन भन्ने नै मूल रुपमा कानूनी द्वन्दको अवस्था रहेको स्पष्ट छ। सोहि कानूनहरुको प्रयोगको सम्बन्धमा सम्मानित अदालतबाट व्याख्या गरिनु पर्ने अवस्था समेत विद्यमान रहेको छ। कम उमेरको ब्यक्तिले आफ्नै राजीखुसीले विवाह गर्न नपाउने भन्ने सम्वन्धमा कानूनले पूर्णत निषेधित गरेको अवस्था छैन। बालविवाहलाई रोक्नेसम्मको उद्देश्यले विहावरीको २ नं. मा विवाह गर्ने उमेरसम्म विधायिकाले निश्चित गरेको देखिन्छ।

विधायिकाले निश्चित गरेको उमेरभन्दा कम उमेरमा विवाह गरेमा त्यस्तो विवाह गर्ने केटी स्वयंले मञ्जुरी नगरेको अवस्थामा मात्र विहावरीको २ नं. को देहाय ८ बमोजिम बदर हुने भन्ने अवस्था रहन्छ। प्रचलित कानून, तथ्य र प्रमाणका आधारमा अपहरण तथा शरीर वन्धक र जवर्जस्ती करणीको वारदात स्थापित हुन नसक्ने प्रस्ट रहेकोले विपक्षी नेपाल सरकारको अभियोग दावीमा उल्लेख गरिएका कानूनका आधारमा प्रतिवादीलाई incriminate गर्ने सम्बन्धी व्यवस्था आकर्षित नै हुन नसक्ने हुँदा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७५। ०८। १९ गते भएको फैसला गम्भीर त्रुटी हुँदा विद्यमान कानूनको व्याख्या र विवेचना गरी त्रुटिपूर्ण फैसला उल्टी गरी शुरु उदयपुर जिल्ला अदालतको मिति २०७४। ०५। ११ को फैसला सदर गरी अभियोग दावीबाट सफाई पाउनु पर्ने हो भनी गर्नु भएको बहससमेत सुनियो।

२२. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले प्रतिवादी सन्तोष कुमार यादवले जाहेरवाला संगिताले छोरीले प्रतिवादी सन्तोष कुमार यादवसँग विवाह गरी गएकी रहेछिन जाहेरी शंकाको भरमा दिएको हो। पीडित छोरी हाल प्रतिवादी कै घरमा बसिरहेकी छन भनी शुरु अदालतमा (स.ज.६र ७) गरेको बकपत्र व्यहोराबाट प्रतिवादीले पीडितलाई विवाह गरी लगेको हो कि भन्ने जस्तो भान पर्न गएको देखिन्छ। त्यस्तो भान पर्न गएता पनि पीडित तथा जाहेरवालाले मौकामा गरेको समग्र बकपत्र व्यहोरा, वारदात मितिमा पीडित नावालिका रहेको निर्विवाद तथ्य तथा प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउनका लागि वारदात भन्दा पछि १५ वर्षकी पीडितलाई २० वर्ष उमेर कायम गरी सिराहा जिल्ला अदालतमा नाता कायम गरी पाउँ भन्ने निर्देशित मुद्दा हाल्न लगाई मिलापत्र गरी प्रमाण सृजना गरे पनि अभियोग दावीमा रहेको कानूनी व्यवस्था, मिसिल संलग्न प्रमाणहरुको न्यायोचित विवेचना गरी अभियोग दावीबमोजिमको कसूर कायम गरी प्रतिवादीलाई सजाय गर्ने गरी उच्च अदालतबाट भएको फैसला न्याय र कानूनसंगत रहेकोले सम्मानित इजलासले कानून र प्रमाणको विवेकपूर्ण व्याख्या गरी न्याय निरुपण हुनुपर्ने हो भनी गर्नु भएको बहससमेत सुनियो।

२३. यसमा प्रतिवादी सन्तोष कुमार यादवले जाहेरवाला परिवर्तित नाम संगिताको छोरी वर्ष १५ की परिवर्तित नाम त्रियुगा खोलालाई अपहरण गरी वन्धक बनाई जवर्जस्ती करणीसमेत गरेकोले प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीत रहेकोले ऐ.को ३ नं.बमोजिमको कसूरजन्य कार्य भएको हुँदा प्रतिवादीलाई उक्त कसूरमा ऐ. महलको ७ र ९ नं. बमोजिम थप सजायसमेत गरी १२ नं. बमोजिम क्षतिपूर्ति माग दावी लिनुको साथै प्रतिवादीले बर्ष १५

की पीडितलाई जवर्जस्ती करणी गरेको देखिएकोले मुलुकी ऐन, जवर्जस्ती करणी महलको १ नं. एवं ३ (३) नं. को कसूरमा सजाय गरी ऐ. को १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत भराई पाउन माग दावी लिई अभियोग दायर भएको प्रस्तुत मुद्दामा शुरु उदयपुर जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोग माग दावीबाट सफाई पाउने ठहऱ्याई फैसला भएको देखिन्छ। यी पुनरावेदक प्रतिवादी र परिवर्तित नाम त्रियुगा खोलाबीच सिराहा जिल्ला अदालतमा नाता सम्बन्ध कायम मुद्दा दायर भई मिति २०७३। ३। २२ मा नाता सम्बन्ध कायम हुने गरी मिलापत्र भएको पनि मिसिल संलग्न कागजातबाट देखिन्छ। शुरु उदयपुर जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोग मागदावीबाट सफाई दिने गरी भएको फैसला उपर उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगामा वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदनमा शुरु फैसला उल्टी भै प्रतिवादीलाई साविक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नम्बरले ७ (सात) वर्ष कैद र रु. ५०,०००। - (पचासहजार रुपैयाँ) जरिवाना, ऐ.को ७ नम्बरले २ (दुई) वर्ष थप कैद सजाय हुने र पीडित नाबालक महिला भएको हुँदा ऐ. महलको ९ नम्बरले थप २ (दुई) वर्ष कैदको सजाय हुने तथा ऐ. महलको १२ नं. बमोजिम प्रतिवादीबाट पीडितले रु.५०,००० । –(पचासहजार रुपैयाँ) क्षतिपूर्तिसमेत भराई लिन पाउने, साथै अभियोग माग दावी बमोजिम प्रतिवादीलाई साविक मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३ नम्बरले ६ (छ) वर्ष कैद सजाय र ऐ. महलको १० नम्बर बमोजिम प्रतिवादी पीडितले रु. ५०,०००।–(पचासंहजार रुपैयाँ) क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहऱ्याएको फैसला उपर प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन परेको देखिन्छ ।

२४. अब, उल्लिखित मिसिल संलग्न तथ्य, कागजात एवं प्रमाणहरुको अध्ययन गरी पुनरावेदक प्रतिवादी र प्रत्यर्थीको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायी एवं सहन्यायाधिवक्ताको बहस जिकिरसमेत सुनी देहायको विषयमा निर्णय दिनुपर्ने देखियो-

१. प्रस्तुत मुद्दामा अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणीको वारदात स्थापित हुन्छ वा हुदैन ?

२. प्रस्तुत वारदात के कुन कसूरको रुपमा स्थापित हुन्छ, हुँदैन?

३. साविकको कानूनी व्यवस्था अनुसार प्रतिवादी र पीडितबीच भएको भनिएको विवादित वारदातमा विहावरी सम्बन्धी प्रचलित कानूनबमोजिम कसूर हुने हो वा होइन?

४. शुरू फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी सन्तोष कुमार यादवलाई अभियोग माग दावीबमोजिम सजाय गर्ने गरी उच्च अदालत विराटनगर, अस्थाई इजलास

ओखलढुंगाबाट भएको फैसला मिलेको छ वा छैन?

२५. अब पहिलो प्रश्न तर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी उपर अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणीको अभियोग माग दावी लिएको देखिन्छ। अभियोग दावी बमोजिम प्रतिवादी उपर वर्ष १५ की परिवर्तित नाम त्रियुगा खोलालाई अपहरण गरी लगी जवर्जस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त भएको र पीडितको मौकाको कागजमा जाहेरी व्यहोराबमोजिमकै व्यहोरा उल्लेख भएको एवं वस्तुस्थितिका मानिसहरुले समेत निज प्रतिवादी उपर गढाउ गरी आफ्नो भनाई उल्लेख गरेको देखिन्छ। त्यस्तै प्रकारले पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Hymen Rupture in 2 O' clock position, 3,9,11 O'clock position भन्ने समेत उल्लेख भई रहेको स्थितिमा अभियोग पत्र दायर हुँदा पुनरावेदक प्रतिवादीले अदालतसमक्ष पीडितसँग प्रेम सम्बन्ध भई विवाह भएको, तल्लो माथिल्लो जातका कारणले रिसको आवेगमा जाहेरी दरखास्त दिएको र आफूले पीडितलाई अपहरण एवं जवर्जस्ती करणी नगरेको भनी अभियोग दावीलाई इन्कार गरी बयान गरेको देखिन्छ। त्यस्तै प्रकारले जाहेरवालीले अदालतमा गरेको बकपत्रमा प्रतिवादीले छोरी भगाई लगेको रिसमा जाहेरी दिएकी हुँ भनी र पीडितले हामी दुवैबीच प्रेम सम्बन्ध कायम भई भागेर विवाह गरेको हौं, अपहरण गरी जवर्जस्ती करणी भएको होइन भनी जाहेरी दरखास्त विपरीत हुनेगरी बकपत्र गरेको देखिन्छ। यसरी एकातिर वादी पक्षले अपहरण र शरीर बन्धक तथा जवरजस्ती करणीको आरोप लगाएको पाइयो भने अदालतमा आई बकपत्र गरी जाहेरवाली एवं पीडित भनिएकी त्रियुगाखोलाले सो आरोप लगाउनुको पछाडीको कारण खुलाउदै सो आरोपलाई इन्कार गरी पीडित र प्रतिवादी बीच विवाह भै हाल वैवाहिक जीवन व्यतित गर्दै आएको भन्ने तथ्य देखिएको पाइयो।

२६. कुनै पनि मुद्दा मामिलामा न्याय भन्नु नै सत्यताको खोजी अर्थात सत्यताको नजिकतामा पुग्ने यत्न हो। Ritesh Tewari & Anr vs State Of U.P.& Ors [१] भएको मुद्दामा भारतको सर्वोच्च अदालतले न्यायको शूत्र "Every trial is voyage of discovery in which truth is Quest" भनी उद्धरण गरेको पाइन्छ। देवानी प्रकृतिका मुद्दामा न्यायिक निष्कर्षमा पुग्न प्रमाणको सन्तुलन र प्रचुरतामा (Prepondence of Evidences) बढि निर्भर हुन्छ भने फौजदारी कसूर सम्बन्धी विवादको निरुपणका

[१] CIVIL APPEAL No. 8178/2010, Supreme court of India (हेरिएको मितिः july 6, 2023) https://www/indiankanoon.org/doc/408123

सन्दर्भमा देवानी विषय भन्दा खास खास र आधारभूत अवधारणा रही आएको पाइन्छ। जस्तै, फौजदारी कसूर सम्बन्धी प्रमाणशास्त्रको निर्देशित मार्ग आरोपित कसूरको शंकारहित तवरबाट पुष्टि हुनुपर्ने (Proved beyond reasonable doubt), शंकाको सुबिधा अभियुक्तले पाउने (Benefit of doubt goes to the accused), दश अपराधी छुटुन् तर एकजना पनि निरअपराध व्यक्ति सजायको भागिदार हुन नपरोस (It is better that ten guilty person escape though that no one innocent suffer) आदि रहे भएको देखिन्छ। प्रस्तुत मुद्दामा पनि अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणी जस्तो गम्भीर प्रकृतिको फौजदारी कसूर सम्बन्धी विवाद निहित रहेकोले न्याय निरुपण गर्दा फौजदारी न्यायका मान्य सिद्धान्त एवं प्रमाण ग्राह्यताको सारभूत नियमलाई आत्मसात गर्नुपर्ने हुन्छ। फौजदारी कसूर सम्बन्धी विषयको खास प्रकृति एवं आवश्यकता अनुसार अनुसन्धान तहकिकातको कानूनतः दायित्व राज्यले वहन गर्नुपर्ने विश्वव्यापी मान्यतासमेत रहेको पाइन्छ। नेपालको संविधानको धारा २० मा वर्णित न्याय सम्बन्धी हक, धारा २१ बमोजिम अपराध पीडितको हक, धारा २२ बमोजिम यातना विरुद्धको हकसमेतका मौलिक हकको बृहत आयामको रोह एवं प्रचलित अन्य कानून एवं न्यायका मान्य सिद्धान्तका जगमा फौजदारी कसूर सम्बन्धी विवादको निरुपण र न्याय निष्पादन हुने गर्दछ। यसै क्रममा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले वर्णित गरेको फौजदारी कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात तोकिएको प्रहरी कार्यालयको अनुसन्धान अधिकारीले सम्पन्न गर्ने र नेपालको संविधानको धारा १५८ बमोजिम महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीलको कार्यालयलाई प्रत्यायोजित अधिकारबमोजिमका अधिकारीले अभियोजन गर्ने कानूनी व्यवस्था रहे भएको देखिन्छ। अतएवः प्रचलित कानूनको अधीन र मार्ग निर्देशनमा केन्द्रित रही मूलतः प्रहरी कार्यालयले जाहेरी दरखास्त लिने, कागज गराउने लगायतको तहकिकात गरी प्रमाण संकलन गरी सरकारी वकीलसमक्ष अनुसन्धान प्रतिवेदन पठाउने कार्य सम्पन्न गर्ने गरिएको पाइन्छ। तत्पश्चात, सम्बन्धित सरकारी वकीलको कार्यालयले संकलित प्रमाणको मूल्याङ्कन (Evidence Test) गर्दै सबुद प्रमाणको आधारमा सम्बन्धित अदालतसमक्ष अभियोजन गर्ने गरेको पाइन्छ।

२७. प्रस्तुत अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणी जस्ता समेतका मुद्दा साधिकार अदालतमा दायर भई अदालती कारवाही प्रारम्भ भए पश्चात संकलित प्रमाण परीक्षण गर्ने, थप प्रमाणहरु बुझ्ने लगायतका तमाम कार्य सम्पन्न गरेपछि मात्र अदालत न्यायिक निष्कर्षमा पुग्ने गर्दछ। अनुसन्धान, तहकिकात एवं जाँचवुझका वखत संकलित प्रमाणहरु प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम थुनछेकको

प्रयोजनार्थ प्रमाणमा लिन सकिन्छ। जब तत् मुद्दा अदालतमा प्रवेश गर्दछ, तत्पश्चात प्रहरी लगायत अनुसन्धान अधिकारीबाट संकलित प्रमाण समेतका प्रमाणहरु प्रमाण ग्राह्यताको कसीमा (Touch Stone of Admissibility of Evidence) परीक्षण हुने गर्दछ। तत्सम्बन्धमा अदालतले फौजदारी मुद्दामा साक्षी परीक्षणका सर्वमान्य विधि प्रयोग गर्दै प्रमाणको ग्राह्यताको (Admissibility of evidence) एकिन गर्ने गर्दछ। प्रमाण विधिशास्त्रमा ग्राह्यताको कोणबाट सामान्यतया प्रमाणहरुलाई ग्राह्य प्रमाण (Admissible evidence) र अग्राह्य प्रमाण (Non-admissible evidence) गरी कि त ग्राह्य वा कि त अग्राह्य (Either admissible or non admissible) भनी वर्गीकरण गर्ने गरिन्छ। अभियोजन पुष्टि हुन ग्राह्य प्रमाणंको प्राचुर्यता हुनुपर्ने भएकोले अदालतले प्रमाण परीक्षणको विधिसमेत अवलम्वन गर्दै संकलित प्रमाणलाई ग्राह्य हुन वा सोको एकिन गर्ने गर्दछ।

२८. अब, प्रमाण ग्राह्यको उपरोक्त कसीमा कथंमकदाचित अनुसन्धानमा व्यक्त व्यहोरा भन्दा विपरीत व्यहोरा (Hostile Statement) अदालतसमक्ष व्यक्त भएमा त्यस्तो अवस्थाका सम्बन्धमा के कस्तो प्रमाण विधिशास्त्र रहे भएको पाइन्छ भनी प्रस्तुत मुद्दाको रोहमा समेत विवेचना गर्नुपर्ने अवस्था आयो। सर्वोच्च अदालतले विभिन्न मुद्दाहरुमा मुद्दा विशेषको प्रकृति र परिवेशसमेतको आधारमा मौका वा अनुसन्धान र अदालतमा व्यक्त गरेका कुराको सम्बन्धमा व्याख्या एवं प्रमाण विधिशास्त्रको विकाससमेत गरेको देखिन्छ। तत् सम्बन्धमा केही प्रतिनिधिमूलक सर्वोच्च अदालतका व्याख्याहरुको अवलोकन एवं उदधृत गर्न प्रस्तुत मुद्दाको सन्दर्भमा पनि उचित देखिन आउछ। वस्तुतः पीडित तथा जाहेरवालाले आफूले गरेको दावी परिवर्तन गरी विपरीत बकपत्र गर्न सक्ने अवस्था कतिपय बाह्य दबाब, प्रभाव, डर, धाकधम्की, लोभलालच आदिका कारणबाट एवं घटनाको लामो अन्तरालपछि सिर्जना हुन सक्ने नयाँ परिस्थितिजन्य अवस्थालाई सहजै नकार्न पनि सकिदैन। विशेषतः जवर्जस्ती करणी जस्ता विषयमा यदाकदा लोक लज्जाका कारण बास्तविकता लुकाउन पनि यसरी व्यहोरा परिवर्तन गर्ने गरिएको व्यवहारमा देखिन्छ। त्यस अवस्थामा अन्य प्रमाणको वस्तुनिष्ठ मूल्याङ्कनबाट घटना भएको र घटनामा आरोपित व्यक्तिको संलग्नता रहेको पुष्टि हुने प्रत्यक्ष वा परोक्ष प्रमाण छन भने जाहेरवाला वा पीडितको प्रतिकूल बकपत्रलाई अस्वीकार गर्न सकिने अवस्था हुन्छ। यसरी जाहेरवाला एवं पीडित स्वयंले जाहेरी दरखास्त र अभियोग माग दावी प्रतिकूल हुने गरी गरेको बकपत्र प्रमाणको रुपमा ग्राह्य हुने मान्यता राख्दै नेपाल सरकार विरुद्ध

मिलन शाह[२] भएको जवर्जस्ती करणी मुद्दामा **"फौजदारी मुद्दामा कतिपय साक्षीहरु वा पीडित स्वयंले पनि मुद्दाको सुनुवाईको क्रममा अनुसन्धान तहकिकातमा व्यक्त गरेका व्यहोरा भन्दा विपरीत व्यहोरा व्यक्त गर्न सक्ने अवस्था देखिन सक्दछन्। तर पनि अदालतले त्यस्ता विपरीत कथनसमेतका समग्र मुद्दाको रोहबाट जाँच गरी ग्रहणयोग्य (Admissible Evidence) वा ग्रहण गर्न नसकिने (Non-admissible Evidence) प्रमाणको रुपमा अवलम्बन गर्न सकिन्छ। विशेषत इन्कारी बयान (Hostile Statement) को अवस्था आर्थिक लेनदेन वा सामाजिक वा राजनीतिक प्रभाव वा धाकधम्की वा अन्य प्रभावको कारणले हुनसक्ने सन्दर्भमा अदालत सचेत रहनु पर्ने हुन आउछ। त्यसमा पनि पीडित बालबालिका भएमा वा रोगग्रस्त भएमा वा गरीबी वा अन्य दबाबका कारणले इन्कारी (Hostile) हुनुपर्ने स्थिति हुनसक्ने तर्फ झनै गम्भीर हुनुपर्ने हुन आउछ"** भनी उल्लेख गरेको पाइन्छ। प्रस्तुत मुद्दामा पनि जाहेरवाला एवं पीडितले अदालतमा जाहेरी प्रतिकूल हुने गरी बकपत्र गरेको र सो बकपत्रलाई प्रमाणको रुपमा ग्रहण गर्दा उल्लेखित अवस्थाहरु विचारणीय र सान्दर्भिक रहेको देखिन्छ।

२९. यस्तै प्रकारको इन्कारी बयानलाई प्रमाणमा ग्राह्य हुने नहुने सम्बन्धमा अदालतमा मौकामा कागज गर्ने लगायतका व्यक्तिहरुले गरेको इन्कारी बकपत्रलाई मात्र प्रमाणमा लिई कसूरदारलाई आरोपित कसूरबाट उन्मुक्ति दिन नमिल्ने भनी यस अदालतबाट सुब्बा भन्ने धनराज खड्का विरुद्ध नेपाल सरकार[३] भएको जवर्जस्ती करणी मुद्दामा जहाँ पीडित कान नसुन्ने, बोल्न नसक्ने, अपाङ्ग रहेकोमा सो मुद्दामा **"संकलित सबुद एवं प्रमाणको श्रृङ्खलाबद्ध कडिहरुबाट प्रतिवादी कसूरदार देखिएको अवस्थामा मौकामा कागज गर्ने व्यक्तिहरुले आफ्नो पूर्व भनाई प्रतिकूल हुने गरी अदालतमा गरेको बकपत्र प्रतिवादीलाई उन्मूक्ति दिने आधार हुन नसक्ने"** भनी फैसला भएको देखिन्छ। प्रस्तुत मुद्दाका तथ्यलाई समेत मूल्याङ्कन गरी अदालतबाट पनि पीडित वा जाहेरवालाका प्रतिकूल बकपत्रलाई हृदयंगम गरिएको र त्यस्ता बकपत्र मुद्दाको सन्दर्भको रोहबाट प्रमाण ग्राह्य गर्ने सम्वन्धी निष्कर्षमा पुगेको देखिन्छ।

३०. प्रस्तुत मुद्दामा प्रतिवादीले कसूरमा इन्कारी रही बयान गरेको, पीडित जाहेरवाली समेतका व्यक्तिहरुले अनुसन्धान मौकामा गरेको व्यहोरा विपरीत बकपत्र गरेको देखिन्छ। साथै निज पुनरावेदक प्रतिवादी र पीडित परिवर्तित नाम त्रियुगा खोला वीच

[२] मुद्दा नं.०७७-CR-०१८४, फैसला मितिः२०७८/३/२१, प्रकरण नं.-३१

[३] ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९३

वादी प्रतिवादी भई सिराहा जिल्ला अदालतमा मिति २०७३। ३। २२ मा नाता सम्बन्ध कायम (२०७३ सालको मुद्दा नं. PC-०२९४) मुद्दा दायर भई मिति २०७३। ३। २२ मा श्रीमान श्रीमतिको नाता कायम हुने गरी मुद्दा मिलापत्र भएको देखिन्छ। उक्त नाता कायम मुद्दाको फिरादपत्र हेर्दा पनि निज प्रतिवादीले पीडितलाई करणी गर्ने मनसायले ललाई फकाई गरी अपहरण गरी बन्धक बनाएको नभई आपसी सहमतिमा राजिखुसीले विवाह गर्ने उद्देश्यबाट नै दुवै जना घर छोडी हिडेका हुन भन्ने नै देखिन्छ। अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर मुद्दामा भएको अभियोगमा प्रतिवादीलाई कसूरदार स्थापित गर्नको निमित्त सो कसूर नै सर्वप्रथम शंकारहित तवरमा पुष्टि हुनुपर्ने फौजदारी कानूनको मूल मर्म एवं सिद्धान्त हो। यस सन्दर्भमा **नेपाल सरकार विरुद्ध मगरे खाँसमेत**[४] भएको लागू औषध (ब्राउन सुगर) मुद्दामा **"अपराधमा अपराध भएको भन्ने तथ्य अर्थात *corpus delicti* पहिला वादीले प्रमाणित गरी त्यसपछि मात्र अभियोग लगाएको व्यक्तिले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नुपर्ने"** भनी यस अदालतबाट वृहद व्याख्या भएको देखिन्छ। साथै संगठित अपराधमा कसूरदार स्थापित हुनको निमित्त निजको अपराधिक कार्यमा संलग्नता पुष्टि हुनको निमित्त चाहिने आधारभूत कुराहरुको सम्बन्धमा यस अदालतबाट **पन्नालाल सहनी विरुद्ध नेपाल सरकार**[५] भएको अपहरण तथा शरीर बन्धक मुद्दामा **"अपहरण तथा शरीर बन्धक लिने अपराध संगठित तवरले हुने गरेकोले त्यस्तो अपराधमा प्रायः एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको हुन्छ। यस्ता प्रकृतिको अपराधमा विभिन्न व्यक्तिहरूको विभिन्न भूमिका हुन सक्ने र मुख्य वारदात घटाउने स्थलमा वास्तविक रूपमा वारदातमा संलग्न व्यक्तिहरू भन्दा कम संख्यामा व्यक्तिहरू उपस्थित भई वारदात घटाएको हुने तर त्यस्तो वारदातमा घटनास्थलमा नदेखिने व्यक्तिहरुको भूमिका गौण वा सहायक नहुने। निजहरुको भूमिका वारदात स्थलमा देखिने व्यक्तिहरुको जतिकै वा अझै महत्वपूर्ण हुने"** भनी संगठित अपराध हुनको निमित्त चाहिने सम्भावित अवस्थाहरुको सम्बन्धमा उल्लेख भएको पाइन्छ। अपराधिक कार्यको लागि विभिन्न व्यक्तिहरुको संलग्नता हुने, तिनीहरुले फरक फरक भूमिका निर्वाह गर्ने र वारदात घटाउन मुख्य व्यक्ति र अन्य सहयोगी व्यक्तिहरु समेत हुन सक्ने अवस्था रहन सक्ने हुन्छ।

३१. अभियोजनकर्ताले केवल अभियोग लगाउने मात्र हैन आफूले लगाएको अभियोग ठोस, वस्तुनिष्ठ आधार र प्रमाणले पुष्टि हुनु पर्दछ, केवल अभियोग लगाउनु मात्र पर्याप्त हुदैन। विवादास्पद प्रमाण वा संदिग्ध र शंकाको अवस्थामा कसूरदार कायम गरी

---

[४] ने.का.प.२०६६, अंक १०, नि.न. ८२४३

[५] ने.का.प. २०७४, अंक १०, नि.नं.९८८९

सजाय गर्न नमिल्ने, शंका जतिसुकै ठूलो भए पनि प्रमाणको रुप ग्रहण गर्न नमिल्ने (Even highest degree of suspicion cannot take place of evidence) भन्ने प्रमाणशास्त्रको सिद्धान्त रही आएको पाइन्छ। यस्तै प्रकारले फौजदारी कसूर अन्तर्गत अभियोग दावी लिंदा सो दावीलाई पुष्टि गर्न यथेष्ट प्रमाणको भार वादी पक्षमा रहनेमा विवाद देखिदैन। **मोहन कंकर विरुद्ध नेपाल सरकार**[६] भएको कर्तव्य ज्यान मुद्दामा **"फौजदारी मुद्दामा प्रतिवादी उपरको कसूर शंकारहित तवरले प्रमाणित गर्ने भार वादीमा रहने हुंदा प्रतिवादीले अदालतमा कसूर इन्कार गरेको कुराको प्रमाण पुऱ्याउन नसकेको भन्ने पुनरावेदन अदालतसमेतले लगाएको बुंदा मिल्दो देखिएन। कुनै व्यक्ति उपरको दोषिता प्रमाणबाट स्थापित हुनु पर्दछ त्यसैले शंकाको सुविधा अभियुक्तले पाउछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त अनुसार सरकार वादी हुने फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ भन्ने कानूनी व्यवस्थाको पछि फौजदारी न्यायको दर्शन सन्निहित रहेको हुन्छ"** भनी भएको व्याख्या यस मुद्दामा पनि उतिकै सान्दर्भिक र आकर्षित हुने देखिन्छ। तसर्थः उपरोक्त उल्लेखित आधार र प्रमाणबाट पुनरावेदक प्रतिवादी र परिवर्तित त्रियुगा खोलाबीच आपसि सहमतिमा विवाहसमेत भएको तथा अदालतमा भएको मिलापत्रबाट सो तथ्य पुष्टि भएको देखिएको अवस्था रहेकोले प्रतिवादीले यी पीडितलाई अपहरण गरी शरीर बन्धक बनाई जवर्जस्ती करणी गर्नेसम्मको कसूर गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दावी ठोस र तथ्ययुक्त प्रमाणबाट खम्बिर हुन आएको नदेखिई निजहरुले विवाह गरी पति पत्नीको सम्बन्ध कायम गरी बसी आएको देखियो।

३२. दोश्रो प्रश्न प्रतिवादी र पीडितबीच वैवाहिक सम्बन्ध स्थापित भएको पुष्टि हुन आएको अवस्थामा निजहरुको उमेरलाई विचार गरी बालविवाहको कसूर स्थापित हुन्छ वा हुँदैन भन्ने तर्फ विचार गर्दा, बालविवाह सम्बन्धमा वारदातको बखत प्रचलनमा रहेको मुलुकी ऐन, २०२० को विहावरीको महलको २ नं. बमोजिम विवाह गर्न महिलाको उमेर १८ वर्ष **(वारदात २०७२। ११। ८ गते भएको र उक्त विहावरी महलको २ नं. मा मिति २०७२। ११। १३ को केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा महिला पुरुषको उमेर २० वर्ष भनी संशोधन गरिएको)** रहे भएको देखिन्छ। निजहरुबाट एक छोरीको जायजन्म पनि भएको देखिन आएबाट वैवाहिक बन्धनमा रहेको पुष्टि हुन आएको छ। पीडितले नाता सम्बन्ध कायम मुद्दामा आफ्नो उमेर २० वर्ष भनी उल्लेख गरी सिराहा जिल्ला अदालतबाट मिलापत्र गरेको देखिए तापनि निजको उमेर प्रमाणित हुने मिसिल संलग्न जन्मदर्ता

---

[६] ने.का.प २०५५, अंक २, नि.न. ६५१०

प्रमाणपत्रबाट कसूर हुँदा निजको उमेर १५ वर्ष ६ महिना पुगेको देखिन्छ। पीडित र प्रतिवादीबीच वैवाहिक सम्बन्धनै कायम भई रहेको स्थितिमा निज प्रतिवादीले तत्काल प्रचलित कानूनबमोजिम विवाह गर्न उमेर नपुगेकी महिलालाई विवाह गरेको भन्ने अवस्था सुस्पष्ट हुन आउछ। प्रस्तुत मुद्दामा पीडितको शारीरिक जाँच रिपोर्टमा "Hymen ruptured in 2 o'clock position, 3, 9, 11 o' clock position" भन्ने व्यहोरा उल्लेख भएको भन्ने सम्बन्धमा माथि प्रकरणमा उल्लेख भए बमोजिम प्रतिवादीले पीडितलाई बालविवाह गरेको तथ्य विवाद रहित तवरबाट स्थापित भएको देखिन्छ। पीडित र प्रतिवादीबीच बालविवाह भएको तथ्य स्थापित भई रहेको स्थितिमा निज पीडितको करणी सम्बन्धी स्वास्थ्य परीक्षण प्रतिवेदन एकल रुपमा जवर्जस्ती करणीको निश्चयात्मक प्रमाण (Conclusive Evidence) हुन सक्ने देखिदैन। बालविवाह प्रकृतिको मुद्दामा भारतीय सर्वोच्च अदालतबाट भएको व्याख्या प्रतिनिधिमूलक उदाहरणको रुपमा लिन सकिन्छ। सो मुद्दा S. Veradarajan Vs. State of Madras[७] मुद्दामा साबालक उमेर पुग्नै लागेको केटीले राजिखुसीले आफ्नो घर छोडी अभियुक्त सँग भागी आधिकारिक निकायमा गई विवाह गदर्छ र दावीबमोजिम अभियुक्तले जवर्जस्ती घर छोड्न बाध्य बनाएको भन्ने कुराको कुनै अकाट्य प्रमाण जुटाउन नसकेको अवस्थामा कसूर ठहर गर्न नसकिने भनी व्याख्या गरेको पाईन्छ। सो मुद्दामा उक्त व्याख्याको व्यहोरालाई देहाय रूपमा अभिव्यक्त गरेको पाइन्छः "A girl who was on the verge of attaining majority, voluntarily left her father's house, arranged to meet the accused at a certain place and went to the sub- registrar's office, where the accused and the girl registered an agreement to marry, there was no evidence whatever the accused had taken her out of the lawful guardianship of her parents, there was no active part played by the accused to persuade her to leave the house. It was held that no offense under this section was made out." भारतको सर्वोच्च अदालतको यस फैसलाले विवाह गर्न उमेर नपुगेका केटीहरु विविध कारणले भागी वा अन्य तवरबाट विवाह गर्नसक्ने सम्भावना रहने र यसरी उमेर नपुगी भागी विवाह गरेकै कारणले विवाह गर्ने उमेर नपुगेका केटीलाई कुनै फौजदारी दायित्व बहन गराउन न्यायोचित नहुने गरी व्याख्या गरेको देखिन्छ। पीडित र प्रतिवादीबीच राजिखुशीले एक आपसमा सहमति भई विवाह गरेको तथ्य जाहेरवालाले अदालतसमक्ष हुने बकपत्र वा अन्य प्रमाणबाट देखिन्छ भने उमेरको आधारमा मात्र करणीको कसूरभागी बनाउन न्यायपूर्ण नहुने भनी यस फैसलाले न्यायिक पथ प्रर्दशन गरेको पाइन्छ। संयुक्त राज्य अमेरीकामा बालविवाहका (Child Marriage) उदाहरणहरु यत्रतत्र देख्न सकिन्छ। त्याँहा प्रत्येक राज्यले आ-आफ्नो

---

[७] A.I.R. 1965, SC (952) 2 CrCj 33

आवश्यकता र परिस्थिति अनुकुल बालविवाहको उमेर निश्चित गरेको देखिन्छ। Kaya Van Roost ले गरेको एक अध्ययनमा "In some state children can legally marry at a younger age then they can legally consent to sex. Some states explicity exempt sex between married persons from their statutory rape laws, as in Louisiana State of United State. The states included in our analysis, 33 states and District of Columbia explicitly exempt sex between married person from prosecution under some or all their statutory rape laws"[८] भन्ने उल्लेखन भएको देखिन्छ। यस अध्ययनको नतिजाले बाल उमेरमा शारीरिक सम्बन्ध (Sexual intercourse) हुन सक्ने वा बालविवाह हुनसक्ने पक्षलाई दृष्टान्तगत रुपमा नै स्वीकार गरेको पाइन्छ। साथै अमेरिका लगायत कतिपय देशमा उमेर नपुगेका केटाकेटीबीच सहमतिमा भएको शारीरिक सम्बन्धलाई Romeo and Juliet Law को रुपमा ग्रहण गरी उमेर छुटको कानून (Close-in- age - exemption) [९] समेतको व्यवस्था देखिन्छ।

३३. पीडित र प्रतिवादीबीच सिराहा जिल्ला अदालतमा नाता सम्बन्ध कायम मुद्दा चली नाता सम्बन्ध कायम हुने गरी मिलापत्र भई विवाह दर्तासमेत गरेको, निजहरुबाट एक छोरीको पनि जन्म हुनुका साथै दुवै राजीखुसी साथ घरजम गरी समाज परिवारमा साधारण रुपमा जीवन निर्वाह गरी रहेको देखिन्छ। मिसिल कागजात हेर्दा, पीडित र प्रतिवादी दुवै प्रेम सम्बन्धमा रहेको र जात नमिलेकै कारणले पीडित पक्षको परिवार विवाह गर्न राजी नभएको भन्ने देखिन आउछ। प्रतिवादीले आफूले परिवर्तित नाम त्रियुगा खोला उपर अभियोग दावीबमोजिमको कसूर गरेको नभई आफू र पीडित भनिएकी त्रियुगा खोलाका बिच प्रेम सम्बन्धमा रहेको र वारदात भएको भनिएको दिनमा विवाह गरीं लगेको हो भनी पुनरावेदन जिकिर तथा शुरु अदालतमा गरेको बयानमा समेत खुलाएको पाइन्छ। पीडित त्रियुगा खोलाले मौकाको कागज व्यहोरा भन्दा भिन्दै अदालतमा गरेको बकपत्र व्यहोरामा आफूले प्रतिवादीसँग अन्तरजातीय विवाह गरेको कारण बुवा ममीले यस्तो जाहेरी दिएको हो। म हाल श्रीमान प्रतिवादी कै घरमा सासु ससुरासँगै बसिरहेको छु भनी शुरु अदालतमा गरेको बकपत्रको सवाल जवाफको ८ र १० मा उल्लेख गरेको समेतको अवस्थाबाट पीडित र प्रतिवादी दुवैले राजिखुशीले भागी विवाह गरेको सप्रमाण स्थापित भएको तथ्यमा अन्यथा विचार

---

[८] Kaya Van Roost,M.Sc, Miranda Horn,M.Sc and Alissa Koski,Ph.D.Department of Epidemiology Biostatistics and Occupation health, Mcgill University, Montereal Quebec, Canada (हेरिएको मितिः july 5,2023), https//www/ jahonline.org/article/s1054-139*(21)00552-8pdf.

[९] पद्मप्रसाद पाण्डे (२०७७), "*जवरजस्ती करणी सम्बन्धी कानूनको तुलनात्मक विश्लेषण*", महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं नेपाल, पृष्ठः ५१

गर्नुपर्ने अवस्था देखिदैन।

३४. प्रस्तुत सन्तोष कुमार यादव प्रतिवादी भएको अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणी मुद्दामा अभियोजन पक्षले पीडितको उमेर १५ वर्ष ६ महिना रहेको भनी दावी लिएको, पीडितले आफ्नो उमेर २० वर्ष भनी नाता कायम मुद्दामा उल्लेख गरे पनि सो उमेर स्वतन्त्र प्रमाणबाट स्थापित नभएको हुँदा र उमेर नपुग्दै दुवैबीच विहावरी भएको व्यहोरामा दुवैले नै स्वीकार गर्नुका साथै अदालतबाट समेत दुवैबीच नाता सम्बन्ध कायम भएको अवस्था परिस्थितिलाई विचार गरी यस्तो देखिन्छ। यसरी उमेर नपुग्दै भएको विवाहलाई हाम्रो कानूनले वालविवाहको संज्ञा दिई कानूनी व्यवस्थासमेत गरेको पाइन्छ। बालविवाह भनेको उमेर नपुग्दै, बयस्क नहुदै हुने विवाह भएकोले यस्तो अवस्थामा मानसिक, शारीरिक र भौतिक अवस्थासमेत परिपक्क भै सकेको हुँदैन। यस्तो विवाहमा दुवै पक्ष वा एक पक्ष मात्रको उमेर सावालक नभएको हुन सक्दछ। बालविवाहले गर्दा बालबालिकाको मानसिक विकास, शारीरिक विकास र शिक्षामा समेत असर पुग्न जाने हुनाले हाम्रो कानूनी प्रणालीले समेत यस्तो विवाहलाई निषेध गरेको अवस्था एकातिर देखिन्छ भने अर्कोतर्फ कतिपय अवस्थामा आर्थिक एवं पारिवारिक परिस्थिति, धार्मिक वा अन्धविश्वासयुक्त सामाजिक परम्पराले गर्दासमेत बालविवाह हुनसक्ने पक्षलाई नजरअन्दाज गर्न पनि सकिदैन। कतिपय बालविवाह आवेग वा मानसिक अपरिपक्कताको कारणबाट समेत हुन गएको पाइन्छ। बालविवाहलाई निरुत्साहित एवं न्यूनीकरण गर्ने गराउने एवं सचेतना अभिवृद्धि गर्न तर्फ अदालत पनि न्यायिक व्याख्या मार्फत सामाजिक अभियन्ता (Social engineer) बन्नु पर्ने अवस्था देखिन्छ। छिमेकी देश भारतमा समेत बालविवाहलाई न्यूनिकरण एवं निरुत्साहन गर्ने सम्बन्धमा Prohibition of Child Marriage Act, 2006[10] जारी गरेको देखिन्छ। सो कानूनमा पुरुषको हकमा विवाह गर्ने उमेर हद २१ वर्ष र महिलाको हकमा १८ वर्ष कायम गरी सो भन्दा कम उमेरमा विवाह गरे गराएमा कैद र जरिवानाको व्यवस्थासमेत गरेको देखिन्छ। उक्त कानूनमा रहेको व्यवस्था हेर्दा Section 9 मा "Whoever, being a male adult above eighteen years of age, contracts a child marriage shall be punishable with rigorous imprisonment which may extend to two years or with fine which may extend to one lakh rupees or with both." भन्ने र Section 10 माः "Whoever performs, conducts or directs or abets any child marriage shall be punishable with rigorous imprisonment which may extend to two years and shall be liable to fine which may extend to one lakh

[10]prohibition of child marriage act, 2006 Section 9 and 10 (हेरिएको July 5, 2023), *https://www/*indiankanoon.org/doc/790355/

rupees unless he proves that he had reasons to believe that the marriage was not a child marriage.." भनी उल्लेख भएको पाइन्छ।

३५. हाम्रो सन्दर्भमा बालविवाहको सम्बन्धमा साविक मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय ३ मा "**विहावारी गर्दा महिला पुरुषको उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष र संरक्षकको मन्जुरी नभए बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुदैंन। विवाह गरे गराएकोमा सो गर्ने गराउने र मध्ये उमेर पुगेका मुख्यलाई देहायबमोजिम सजाय हुन्छः चौध वर्षदेखि माथि अठार वर्ष नपुगेकी स्वास्नी मान्छेको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रूपैयाँसम्म** जरिवाना वा दुवै **सजाय हुनेछ**" भन्ने व्यवस्था गरेको पाइन्छ। प्रतिवादी उपर अभियोजन पक्षले दावी लिएजस्तो पीडितलाई अपहरण गरी बन्धक बनाई जवर्जस्ती करणी गरेको भन्ने तथ्य स्थापित हुन नसक्ने भनी माथि विवेचना गरी सकिएको छ। अब, प्रतिवादी र परिवर्तित नाम त्रियुगा खोलासँग प्रेम सम्बन्ध भई उमेर नपुगेकी नावालिकासँग विवाह गरेको भन्ने देखिएको स्थितिमा कानूनतः जवर्जस्ती करणी (Statutory Rape) समेत प्रस्तुत मुद्दामा परिचर्चा गर्न सान्दर्भिक हुन आउने देखिन्छ। प्रस्तुत मुद्दाको वारदात भएका बखत प्रचलनमा रहेको मुलुकी ऐन जवर्जस्ती करणीको महलको १ नं.ले "**कसैले कुनै महिलालाई निजको मञ्जूरी नलिई करणी गरेमा** वा सोह्र वर्षभन्दा **कम उमेरकी बालिकालाई निजको मञ्जूरी लिई वा नलिई करणी गरेमा निजले जवर्जस्ती करणी गरेको ठहर्छ**" भनी उल्लेख भएको देखिन्छ। उक्त व्यवस्था बमोजिम १६ बर्ष भन्दा कम उमेरको बालिकालाई निजको मञ्जूरी लिई वा नलिई करणी गरेमा निजले जवर्जस्ती करणी गरेको मानिने अवस्था देखिन्छ। साथसाथै बालविवाहमा पनि उमेर नपुगेको महिला वा पुरुषमा विवाहका उद्देश्य एवं रोहरीतबाट करणी लेनदेन भएको हुन सक्दछ। यी दुवै अवस्थामा महिलाको उमेरको सन्दर्भ महत्वपूर्ण रुपमा उपस्थित भएको पाइन्छ। धेरै जसो मुलुक र समाजमा महिलाको आभूषण, इज्जत प्रतिष्ठालाई निजको यौन पवित्रता (Chastity) एवं निजको यौनिक अधिकारसँग जोडिएको देखिन्छ। यस्तो यौनिक अधिकारको पवित्रताको भंगीकरण वा करणी कार्य हुँदा निज महिलाको स्वतन्त्र सहमति (Free Consent) अनिवार्य तत्वको रुपमा अंगिकार गरेको पाइन्छ। के कुन अवस्थामा स्वतन्त्र सहमति हो होइन? भन्ने सवालको महत्वपूर्ण निर्धारक तत्व मध्ये उमेरलाई पनि मानि आएको पाइन्छ र उमेर नपुगेको व्यक्ति सोच विचार गरी सहमति दिन योग्य नहुने मान्यता भएकोले त्यस्ता उमेर नपुगेका व्यक्तिको सहमतिलाई मान्यता दिइदैन। अतएवः सम्बन्धित देशको सामाजिक, धार्मिक रीतिस्थितिसमेतको आधारमा मूल्याङ्कन गरी यौन कार्यका लागि स्वतन्त्र सहमति दिन सक्ने उमेर निर्धारण गरेको

पाइन्छ।

३६. मुलुकी फौजदारी संहिता, २०७४ को दफा २१९ को उपदफा २ ले **"कसैले कुनै महिलालाई निजको मञ्जूरी नलिई करणी गरेमा वा मञ्जूरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ"** भन्ने उल्लेख गरेको छ। साविक मुलुकी ऐन, २०२० को जवर्जस्ती करणीको महलको १ नं. मा उल्लेख भएको महिला वा बालिकाको १६ वर्षको उमेरलाई बढाएर १८ वर्ष पुऱ्याएको पाइन्छ। यसरी हेर्दा जवर्जस्ती करणी र बालविवाहमा हुनसक्ने करणीका अवस्थामा उमेरको सन्दर्भ महत्वपूर्ण पक्ष भए तापनि अपराधका अन्य तत्वहरु **मनसाय (*Mens Rea*) र अपराधिक कार्य (*Actus Reus*) आधारभूत र निर्धारक मानकको (Measuring Rod)** रुपमा रहेका हुन्छन। जसले जवर्जस्ती करणी र बालविवाहलाई छुट्याएको हुन्छ। अपराधिक कार्यको रोहबाट प्रस्तुत बारदात हेर्दा प्रतिवादी उपर अपहरण तथा शरीर बन्धक एवं जवर्जस्ती करणीको अभियोग भए तापनि माथि प्रकरण प्रकरणमा विवेचना गरिएबमोजिम बालविवाह भई सामाजिक परिवेशमा पति पत्नीको रुपमा परिवार बनाई बसेको तथ्य स्थापित हुन आएको पाइन्छ। साथै अपराधिक दुराशयको (***Mens Rea***) सन्दर्भबाट हेर्दा जवर्जस्ती करणी कृयामा अभियुक्तको उद्देश्य करणी गर्नमा सिमित रहन्छ भने बालविवाहका बखत हुन सक्ने करणी अपराधिक मनसाय नभई सामाजिक मान्यता, समाज विकासको आधारभूत पक्ष एवं शारीरिक आवश्यकता भएकोले विवाहित पति पत्निको भावना साथ शारीरिक सम्पर्क रहेको हुन सक्ने अवस्था रहन्छ। जवर्जस्ती करणी (Statutory Rape) र बालविवाह (Child Merriage) मा हुनसक्ने करणीको उद्देश्य, पृष्ठभूमि, तयारी, कार्य र मान्यतामा नै आधारभूत रुपमा फरक रहन जाने हुनाले जवर्जस्ती करणी (Statutory Rape) लाई बालविवाहको सन्दर्भमा उमेर मात्रको आधारमा सिमावद्ध गर्न सकिने अवस्था रहदैन। साथै यी दुवै कसूरका सम्बन्धमा रहे भएको आधारभूत फरकपनलाई नछुट्याउने हो भने बालविवाह सम्बन्धी कानूनमा भएको व्यवस्था नै अन्ततोगत्वा निस्कृय रहन जाने अवस्था बढ्छ। साथै प्रस्तुत दुई प्रकारका कसूरको सम्वद्ध तथ्यका आधारमा वर्गिकरण नगरी निरपेक्ष रुपमा व्याख्या गरिएमा रोमन कानूनको ***culpae poena par esto*** (The punishment prescribed for a crime should be proportional to the seriousness of the crime.) भन्ने सर्वस्वीकार्य उक्ति निस्तेज हुन जान्छ। यसरी उपरोक्त उल्लेख भए बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादी निर्दोष रहेको वा कुनै कानूनको कसूर नगरेको भन्ने पनि होइन। मिसिल संलग्न कागजातबाट निजले गरेको कसूरको दायित्व निश्चय पनि **Just Desert Principle** अर्थात "The philosophy

of a fair and appropriate punishment that is related to the severity of the crime was committed" का आधारभूत मान्यताका आधारमा वहन गर्नुपर्ने र दण्डित हुनुपर्ने हुन्छ। यसरी माथि प्रकरण प्रकरणमा विवेचना भए बमोजिम प्रतिवादीले गरेको कार्यको प्रकृति (Nature), प्रचलित कानूनका साथै दण्ड सजायको तार्किक र न्यायपूर्ण व्याख्या समेतको कोणबाट निज प्रतिवादीको कसूर बालविवाह अन्तर्गत पर्न जाने देखिन्छ।

३७. प्रस्तुत मुद्दामा अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणीको अभियोग दावी भई नेपाल सरकार वादी भई फौजदारी कसूरको रोहबाट मुद्दा दर्ता भई सुनुवाई भएको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम **"नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दामा कारवाही हुँदा अनुसूची -१ वा अनुसूची -२ भित्र नपर्ने देखिएको र कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही बमोजिम आदेश गरी सरोकारवाला व्यक्तिलाई सूचना दिनु पर्नेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थावमोजिम नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दालाई देवानी मुद्दामा परिणत गर्न सकिने भएता पनि नेपाल सरकार वादी भई अनुसूचीको कुनै प्रकारको मुद्दालाई नेपाल सरकार वादी भई चल्ने अर्को प्रकारको अनुसूचीको फौजदारी मुद्दामा परिवर्तन गर्न सकिन्छ वा सकिदैन भन्ने सवालको पनि विवेचना गर्नु सान्दर्भिक हुन आउछ। तत् सम्वन्धमा हेर्दा, यस्तो प्रकारको मुद्दाको परिवर्तन गर्न नसकिने भनी अदालतको अधिकार सीमा निर्धारण गरिएको वा निर्दिष्ट गरिएको कहि कतै पाइदैन। अदालतको फैसलाको अभिष्ट नै न्यायका मान्य सिद्धान्त अवलम्बन गरी न्याय प्रदान गर्नु हो। न्याय प्रदान गर्ने सन्दर्भमा अदालतले सीमा तोकिएको अवस्थामा बाहेक अन्तरनिहित अधिकार (Inherent Right) समेत प्राप्त गरी रहेको मानिन्छ। यस अदालतबाट **नेपाल सरकार विरुद्ध ईब्राहिम मियाँसमेत**[11] भएको ज्यान मार्ने उद्योग मुद्दामा **"ज्यान मार्ने सनसाय *(Mens Rea)* रहेको नदेखिएको र प्रतिवादीहरुको कार्य तेश्रो पक्षको हस्तक्षेपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यान मार्ने उद्योग अन्तर्गतको कसूर** मान्ने अवस्था भन्न **नसकिने। पीडितको एउटा आँखाको हेर्ने शक्ति नष्ट भई अङ्गभङ्ग भएकोले सोही महलको ६ नं. बमोजिम दण्ड सजाय हुनुपर्ने"** भनी वादी नेपाल सरकारले ज्यान मार्ने उद्योगमा अभियोग माग दावी गरी प्रतिवादीहरु उपर अभियोजन गरिएकोमा यस अदालतबाट सोतर्फ अभियोग दावी नपुग्ने ठहरी सो मुद्दालाई नेपाल सरकार नै वादी हुने कुटपिट अङ्गभङ्गमा परिणत गरी प्रतिवादीलाई सजाय गरेको दृष्टान्त रहेको देखिन्छ। प्रस्तुत मुद्दामा समेत वादी नेपाल सरकारले अपहरण गरी शरीर बन्धक

[11] ने.का.प २०६६, अंक ३, नि.नं.८१११

बनाई जवर्जस्ती करणी गरेको तर्फ अभियोग माग दावी लिएकोमा सोतर्फ अभियोग दावी ठहर हुने अवस्था नदेखिएको तथा प्रतिवादी र पीडितबीच प्रेम सम्बन्धका कारणबाट आपसी सहमतिमा विवाह गर्ने सम्मको कार्य भएको देखिएकोले प्रस्तुत अभियोग दावी रहेको मुद्दालाई बालविवाहमा परिणत गरी उमेर पुगेको प्रतिवादीलाई सजाय नै प्रस्तुत मुद्दामा कानूनप्रयुक्त व्याख्या हुने देखिन आयो।

३८. अतः माथि विवेचित आधार कारण र प्रमाणसमेतबाट यसमा पुनरावेदक प्रतिवादीले यी पीडितलाई अपहरण तथा शरीर बन्धक बनाई जवर्जस्ती करणी गर्ने सम्मको कसूर स्थापित भएको नदेखिएको र दुवैबीचको आपसी सहमतीमा विवाह गर्ने सम्मको कार्य गरेको देखिएको हुनाले उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसला केही उल्टी भई सो अभियोग दावीबाट सफाई पाउने र पुनरावेदक प्रतिवादीले पीडित परिवर्तित नाम त्रियुगा खोला उपर बालविवाहको कसूर गरेकोले साविक मुलुकी ऐन, विहावरीको महलको २ नं. को (३) बमोजिम ६ (छ) महिना कैद र रु. १०,०००। –(दशहजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। प्रस्तुत मुद्दाको संक्षिप्त आदेश जारी भैसकेकोले थप केही गरिरहनु परेन। अरुमा तपसील बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा उच्च अदालत विराटनगर, अस्थाई इजलास ओखलढुंगाको फैसला केही उल्टी भई अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणीतर्फ अभियोग दावी नपुग्ने र प्रस्तुत वारदात बालविवाहमा परिणत हुने ठहर भएकोले प्रतिवादी सन्तोष कुमार यादवलाई (अभियोगपत्र एवं शुरु र उच्च अदालतको फैसलामा प्रतिवादीको नाम सन्तोष यादव उल्लेख भएकोमा यस अदालतमा पुनरावेदन गर्दा पुनरावेदकले आफ्नो नाम सन्तोष कुमार यादव उल्लेख भई मिसिल संलग्न अन्य कागजातले समेत पुष्टि गरेको) साविक मुलुकी ऐन, विहावरीको महलको २ नं. को (३) बमोजिम ६ (छ) महिना कैद र रु. १०,०००। –(दशहजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले सो कैद र जरिवानासमेत चुक्ता भैसकेकोले असुली जनाउनु भनी शुरु अदालतमा लेखी पठाउनू---------------------------------------------------------------१

फैसलाको जानकारी सरोकारवालाहरुलाई दिई मुद्दाको दायरीको लगत कट्टा गरी यो फैसलाको विद्युतीय प्रति यस अदालतको सफ्टवेयर प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू---------------------------२

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव):- बासुदेव पाण्डे
शाखा अधिकृत:- सिम्रन नापीत
कम्प्युटर अपरेटर:- सुजन नेपाल
ईति संम्बत् २०७९ साल कार्तिक २८ गते रोज २ शुभम्---------------------।